# 多言語情報コーナー　（令和７年　４月号）

## (१) तोचिगी चेरी ब्लसम फेस्टिवल र प्रसिद्ध चेरी ब्लसम हेर्ने स्थलहरूको बारेमा जानकारी

यस बर्षपनि फेरि चेरी (पैंयु) फुल्ने मौसम आयो । यहाँ शहरभरि आयोजना हुने चेरी ब्लसम महोत्सवहरू र प्रसिद्ध चेरी ब्लसम स्थलहरूको परिचय गराईन्छ ।

ओ-हिरासान् (ओहिरा पहाड़) साकुरा महोत्सव मार्च २१ देखि अप्रिल १३ सम्म चल्छ । ओ-हिरासान्को चेरी फूललाई "जापानमा १०० उत्कृष्ट चेरी ब्लसम स्पटहरू" मध्ये एकको रूपमा छनोट गरिएको छ । ओहिरासान्को फेदबाट शुरू हुने  रमणीय सडकमा, तपाईंले चेरी ब्लसम रूखहरूको भव्य पङ्क्ति देख्न सक्नुहुन्छ जसलाई "चेरी ब्लसम टनेल" पनि भनिन्छ । ओहिरासान्मा लगभग ४,००० चेरीका रूखहरू छन् जसमा चेरीका फूलहरु फुल्ने गर्दछन् ।

मार्च २८ देखि अप्रिल ६ सम्म चल्ने ओहिरा चेरी ब्लसम फेस्टिवलको समयमा, ओहिरा स्पोर्ट्स पार्क अगाडिको साकुरा स्ट्रिटमा रहेका चेरी ब्लसम रूखहरू साँझ ६ बजेदेखि राति ९ बजेसम्म लाईट-अप् (रोशनी) गरिनेछ ।

फुजिओका साकुरा महोत्सव मार्च २८ देखि ३० सम्म फुजिओका वातारासे स्पोर्ट्स पार्कमा आयोजना हुनेछ र यसमा चेरी ब्लसमका रूखहरूलाई नर्कटको लालटिनले उज्यालो पारिनेछ । ३० तारिखमा विभिन्न कार्यक्रम र स्टलहरू रहनेछन् ।

चुगानोसातो हानासाई महोत्सव अप्रिल ५ देखि १३ सम्म चुगानोसातोमा आयोजना हुनेछ । १८० वर्ष पुरानो "चुगानोसातो साकुरा" सहित विभिन्न फूल फुल्ने अवधि भएका चेरीका रूखहरू एकपछि अर्को गर्दै फूल्छन्, जसले गर्दा तपाईं लामो समयसम्म तिनीहरूको आनन्द लिन सक्नुहुन्छ । यस अवधिमा शनिबार र आइतबार विभिन्न कार्यक्रमहरूको योजना बनाइएको छ ।

निशिकाता कानाजाकी चेरी ब्लसम फेस्टिवल मार्च ३० देखि अप्रिल ६ सम्म आयोजना हुनेछ र यसमा चेरी ब्लसमका रूखहरूमा लाईट-अप् (रोशनी) गरि, स्टलहरू र विभिन्न कार्यक्रमहरूको प्रस्तुत गरिनेछ । ओमोईगावा (ओमोई नदी)को किनारमा लगभग २०० चेरीका रूखहरूको पङ्क्तिले यस वर्ष रोपिएको १०० वर्ष पूरा गरेको छ ।

मियामाचिको नागानो नदीमाथि मियानो पुल नजिकै अवस्थित "मियानो साकुरा", लगभग ५०० चेरी रूखहरूको पङ्क्ति हो जुन नदीको किनारमा लगभग १.५ किलोमिटरसम्म फैलिएको छ । इबुकी-नो-सातो चेरी ब्लसम फेस्टिवल मार्च २९ र ३० मा आयोजना हुनेछ ।

इवाफुने चेरी ब्लसम फेस्टिवल मार्च ३० मा इवाफुने स्पोर्ट्स पार्कमा आयोजना हुनेछ । पार्कमा चेरीका रूखहरू २० वर्षअघि रोपिएका थिए र अहिले ठूला परिपक्व रूखहरूमा परिणत भएका छन् । त्याहाँ पनि विभिन्न कार्यक्रमहरु र स्टलहरू राखिने योजना बनाइएकोछ ।

शहरको अन्वेषण गर्ने यो शुभ-अवसरको किन सदुपयोग नगर्ने त ?

## (२) नयाँ चुगा सोउगोउ शिस्यो (सामान्य शाखा कार्यालय) खुल्ने बारे जानकारी !

यहि फेब्रुअरी २५ मा नयाँ चुगा सामान्य शाखा कार्यालय खोलिएको बारे जानकारी गराईन्छ ।
यो हाराजुकु, सुगा-च्योउमा अवस्थित छ, जहाँ यस भन्दा पहिले सांस्कृतिक केन्द्र अवस्थित थियो ।
चुगा सामान्य शाखा कार्यालयलाई सामान्य शाखा कार्यालय, सामुदायिक केन्द्र र पुस्तकालयको कार्यहरू संयोजन गर्ने संयुक्त सुविधा भएको भवनको रूपमा र सार्वजनिक सुविधाहरूको पुनर्निर्माणको लागि एक नमूनाको रूपमा विकास गरिएको थियो ।
पहिलो तल्लामा सामान्य शाखा कार्यालय र पुस्तकालय छ । पुस्तकालयमा २०,००० भन्दा बढी पुस्तकहरूको संग्रह छ, साथै अध्ययन र बालबालिकाका लागि ठाउँहरू छन्, र यसलाई स्थानीय बासिन्दाहरूको लागि अध्ययन गर्ने ठाउँको रूपमा प्रयोग गर्न सकिन्छ ।
दोस्रो तल्ला सामुदायिक केन्द्रको ठाउँ हो । ठूला, मध्यम र साना सम्मेलन कोठा र भान्साको अतिरिक्त, त्यहाँ नृत्य अभ्यास आदिको लागि प्रयोग गर्न सकिने बहुउद्देश्यीय कोठा पनि छ । बहुउद्देश्यीय कोठामा ३०० जनासम्म अटाउन सक्छन् । अबदेखि, यसले पुरानो चुगा सामुदायिक केन्द्रलाई प्रतिस्थापन गर्नेछ र विपद्को अवस्थामा आपतकालीन निकासी स्थल (आश्रयस्थल) को रूपमा पनि प्रयोग गरिनेछ ।
चुगा कम्युनिटी सेन्टरमा, पोशाक बैंक पनि छ जहाँ अनावश्यक भएका पोशाकहरू आदि सङ्कलन गरिन्छ र आवश्यक पर्ने अर्को व्यक्तिलाई दिईन्छ, त्यसैले कृपया यसको प्रयोग गर्न नहिचकिचाउनुहोला ।

**(३) अतिरिक्त समय सम्म खोलिने काउण्टर बारे जानकारी !**

तोचिगी शहरले आफ्ना बासिन्दाहरूको सुविधा सुधार गर्न आफ्नो सबैभन्दा धेरै प्रयोग हुने काउण्टरहरुको खुल्ने समय बढाएकोछ। शियाकुस्योको मुख्य भवनमा, हरेक हप्ताको बुधबार, सिमिन् सेइकाचु-का (नागरिक जीवन विभाग) , होकेन् नेन्किन्-का (बीमा र पेन्सन विभाग) र जेइमु-का (कर विभाग) खुला रहन्छ।

ओहिरा, फुजिओका, चुगा, निशिकाता र इवाफुने सोउगोउ शिस्यो (सामान्य शाखा कार्यालयहरू) मा, चिइकी जुकुरी सुईसिन्-का (सामुदायिक विकास प्रवर्द्धन विभाग) प्रत्येक महिनाको दोस्रो बुधबार खुला रहन्छ।

समय चाँही, शियाकुस्यो मुख्य भवनमा र प्रत्येक सोउगोउ शिस्योमा पनि, बेलुकी ५:१५ देखि ७ बजे सम्म रहेकोछ।

यो सुविधा नयाँबर्षका विदाका दिन तथा सार्वजनिक विदाका दिनहरु बाहेक बर्षभरि खुल्ला रहनेछ।

विशेष गरी, ओहिरा सामान्य शाखा कार्यालयमा, हरेक हप्ताको बुधबार दिउँसो ३:०० बजे देखि ५:१५ बजे सम्म काउण्टरमा अंग्रेजी दोभाषेहरू उपलब्ध हुन्छन्। प्रत्येक महिनाको दोस्रो बुधबार, विस्तारित समय साँझ ७ बजेसम्म उपलब्ध रहेकोछ।

कृपया अवसरको सदुपयोग गर्नुहोला।

## (४) राष्ट्रिय पेन्सन् बीमा प्रिमियम बारे जानकारी !

राष्ट्रिय पेन्सन बीमा प्रिमियम (शुल्क)को रकम हरेक वर्ष परिवर्तन हुनेगर्दछ। सन् २०२५ सालमा, यसको मासिक शुल्क १७,५१० येन हुनेछ।

नगद भुक्तानी गर्नेहरूले अप्रिलको सुरुमा जापान पेन्सन सेवाबाट भुक्तानी पर्ची प्राप्त गर्नेछन्। मासिक बीमा प्रिमियम अर्को महिनाको अन्तिम दिन भित्रमा तिर्नुहोला।

सार्वजनिक पेन्सन प्रणाली एउटा यस्तो प्रणाली हो जसमा मासिक बीमा प्रिमियम तिरेपछि, तपाईं वृद्ध हुँदा वा अशक्तता वा मृत्यु जस्ता अप्रत्याशित घटनाहरूको बेलामा पैसा प्राप्त गर्न सक्नुहुन्छ।

जापानमा बस्ने २० देखि ५९ वर्ष उमेर समूहका सबै व्यक्तिहरू, राष्ट्रियता जुनसुकै भए पनि, जापानको सार्वजनिक पेन्सन प्रणालीमा सामेल हुन आवश्यक छ। कर्मचारी पेन्सन बीमामा सामेल नभएका व्यक्तिहरूले राष्ट्रिय पेन्सन बीमामा सामेल हुनु आवश्यक छ।

यदि तपाईंको आय कम छ र बीमा प्रिमियम तिर्न गाह्रो छ भने, तपाईंले प्रिमियम तिर्नबाट छुट पाउन आवेदन दिन सक्नुहुन्छ।

यसको अतिरिक्त, यदि तपाईं विद्यार्थी हुनुहुन्छ र कम आय भएर बीमा प्रिमियम तिर्न गाह्रो भइरहेको छ भने, तपाईंले "विद्यार्थी भुक्तानी छुट" को लागि आवेदन दिन सक्नुहुन्छ।

स्थायी बसोबासको लागि आवेदन दिंदा, तपाईंको राष्ट्रिय पेन्सन योगदान स्थितिको कडाईका साथ जाँच गरिन्छ, त्यसैले जापानमा स्थायी रूपमा बसोबास गर्न चाहने जो कोहीले अवश्यपनि आफ्नो राष्ट्रिय पेन्सन बीमा प्रिमियम तिर्नुहोला।